देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

केरवानी, रुपन्देही

५ नं. प्रदेश,नेपाल

visit nepal 2020 Lifetime Experiences

प.सं. २०७६/०७७
च.नं. ९७६

मिति: २०७६/०८/२३

श्री नगरपालिकास्थित सम्पूर्ण सामुदायिक/निजी क्याम्पस एवं माध्यमिक विद्यालयहरु

देवदह नगरपालिका, रुपन्देही ।

विषय: बक्तृत्वकला र कविता प्रतियोगिता सम्बन्धमा ।

प्रस्तुत विषयमा जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देहीको च.नं २२८ मिति २०७६/०८/२२ को प्राप्त पत्रानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना दिवसको अवसरमा आयोजना हुने बक्तृत्वकला र कविता प्रतियोगितामा तहाँ क्याम्पस, माध्यमिक विद्यालयहरुबाट सहभागिताका लागि अनुरोध छ ।साथै सो संग सम्बन्धित सूचना यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ ।

.........................
टिकाराम शर्मा
निमित्त प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# जिल्ला समन्वय समितिको कार्यालय
## रुपन्देही

जिल्ला समन्वय समितिको कार्यालय रुपन्देही, सिद्धार्थनगर

प.स.:०७६।७७

च.नं. २२८

मिति: २०७६।८।२२

श्री उपमहानगरपालिका/ नगरपालिका/ गाँउपालिकाहरु सबै

रुपन्देही ।

**विषय : वक्तृत्वकला र कविता प्रतियोगिता सम्बन्धमा ।**

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलको मिति २०७६।०८।१९ च.नं.१६५२ को पत्र तथा सो सम्बन्धि सूचना पाना १ थान यसै पत्र साथ संलग्न छ । तहाँ पालिका स्थित सवै माध्यामिक विद्यालय,क्याम्पस र विश्वविद्यालयहरुमा प्रचार-प्रसार गरिदिनुहुन अनुरोध छ ।

..............................

राजेन्द्र बहादुर अर्याल

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय अधिकारी

श्री शिक्षा शाखा
जानकारी गराउँ

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय
## बुटवल

जिल्ला समन्वय समितिको कार्यालय
रुपन्देही, सिद्धार्थनगर
दर्ता नं. ३६०२
मिति २०७६।८।२२

पत्र संख्या : प्रशासन/२०७६/०७६ मिति: २०७६।०८।१९

चलानी नं.:- १६५२

विषय:- वक्तृत्वकला र कविता प्रतियोगिता सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
रुपन्देही, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व), नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम), कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पूर्वी), रोल्पा, प्यूठान, दाङ, बाँके र बर्दिया ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना दिवसको अवसरमा आयोजना हुने वक्तृत्वकला तथा कविता प्रतियोगितामा सहभागिताको लागि आव्हान गरिएको मिति २०७६।०८।१५ को गोरखापत्र दैनिक तथा आयोगको वेवसाइट www.ciaa.gov.np मा प्रकाशित सूचना पाना-१ यसै पत्र संलग्न गरी पठाइएको छ । उक्त सूचना तहाँ जिल्ला स्थित सबै स्थानीय तहहरुमा सम्प्रेषण गरी स्थानीय तह मार्फत सबै माध्यमिक विद्यालय, क्याम्पस र विश्व विद्यालयहरुमा प्रचार-प्रसार गरिदिने व्यवस्थाको लागि अनुरोध छ ।

पालीका

०८।१९

सुरेश भुसाल
शाखा अधिकृत

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

## वक्तृत्वकला र कविता प्रतियोगितामा सहभागिताको लागि आह्वान गरिएको सूचना

(प्रकाशित मिति २०७६।०८।१५)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना दिवस-२०७६ (२०७६ माघ २८) को उपलक्ष्यमा वक्तृत्वकला र कविता प्रतियोगिता आयोजना गरिएकोले कुनै एक विधामा सहभागिताको लागि आव्हान गरिएको छ।

१. वक्तृत्वकला प्रतियोगिताका लागि " **भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन** " शीर्षकमा प्रस्तुति समय अधिकतम १५ (पन्ध्र) मिनेट हुनेछ।

२. कविता **भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन** सम्बन्धी विषयवस्तुमा बढीमा ३०० (तीनसय) शब्दसम्मको हुनु पर्नेछ।

३. वाचन गर्ने कविता वा वक्तृत्वकलामा प्रस्तुति दिने विषयवस्तुको ढाँचा नेपाली भाषामा तयार गरी लिखित प्रति वा सफ्टकपी आफ्नो सम्पर्क नम्बर समेत संलग्न गरी मिति २०७६ मङ्सिर २९ गते भित्र आई पुग्ने गरी तोकिएको आयोगको कार्यालय वा ई-मेलमा पठाउनु पर्नेछ।

४. वक्तृत्वकलामा कक्षा ११ देखि विश्वविद्यालयस्तरसम्मका र कवितामा कक्षा ९ देखि विश्वविद्यालयस्तरसम्मका नियमित अध्ययनरत विद्यार्थीहरुले भाग लिन सक्नेछन् । प्रतियोगितामा २५ (पच्चीस) वर्ष ननाघेका विद्यार्थीहरुले मात्र भाग लिन पाउनेछन् र सहभागीले उमेर खुल्ने गरी नियमित विद्यार्थी रहेको व्यहोरा शैक्षिक संस्थाबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

५. आयोगबाट विगतका ३ (तीन) वर्षमा आयोजना भएको कविता तथा वक्तृत्वकला प्रतियोगितामा भाग लिई प्रथम पुरस्कार प्राप्त गरिसकेकाहरु सोही विधामा पुनः भाग लिन सक्ने छैनन्।

६. प्राप्त हुन आएका कविता र वक्तृत्वकलाको ढाँचाको प्रारम्भिक छनोट गरी प्रथम चरणको प्रतियोगितामा सहभागी गराइने छ।

७. प्रथम चरणको प्रतियोगिता तोकिएको आयोगको कार्यालयमा मिति २०७६ पुस १३ गते हुनेछ। प्रथम चरणबाट छनौट भएका दुवै विधाका दुई/दुई जनालाई काठमाडौंमा हुने दोश्रो चरणको प्रतियोगितामा सहभागी हुन फोन वा मोबाईलबाट जानकारी गराईनेछ र निजहरुलाई काठमाडौंसम्म आउन जान लाग्ने बस भाडा र अन्य खर्च आयोगले निर्धारण गरेबमोजिम दिईनेछ ।

८. पुरस्कार राशी : प्रथम रु. २५,०००/-, द्वितीय रु. १५,०००/-, तृतीय रु. १०,०००/- र सान्त्वना पुरस्कार २(दुई) जनाको लागि जनही रु.५,०००/- रहेको छ।

९. रचनाको ढाँचा उपलब्ध गराउने आयोगको कार्यालय, ई-मेल ठेगाना र सम्पर्क व्यक्तिको विवरण:

क) काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, रसुवा र नुवाकोट जिल्लाका सहभागीको लागि- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौं, ई-मेल: info@ciaa.gov.np, श्री सुशीला अधिकारी, ०१-५२६२००२/९८४१५७९६६८

ख) ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, सोलखुम्बु, ओखलढुंगा, झापा, मोरङ, सुनसरी र सप्तरी जिल्लाका सहभागीको लागि- आयोगको कार्यालय इटहरी, ई-मेल: itahari@ciaa.gov.np श्री गिरिराज भट्टराई, ०२५-५८६९७०/ ९८४९६३९५४४

ग) सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, सिन्धुली र उदयपुर जिल्लाका सहभागीको लागि-आयोगको कार्यालय बर्दिवास, ई-मेल: ciaabardibas@gmail.com, श्री हरि प्रसाद घिमिरे, ०४४-५५०७५३/०४४-५५०७५४/९८४१३६४०४३

घ) बारा, पर्सा, चितवन, मकवानपुर र धादिङ जिल्लाका सहभागीको लागि- आयोगको कार्यालय हेटौंडा, ई-मेल: ciaamro@gmail.com, श्री विकाश वि.क, ०५७-५२१६५५/०५७-५२३२७७/९८४५१५१७३३

ङ) गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी र बाग्लुङ जिल्लाका सहभागीको लागि- आयोगको कार्यालय पोखरा, ई-मेल: ciaapkr@gmail.com , श्री देवेन्द्र पाण्डेय, ०६१-५२२७०१/९८५७६५०२५०

च) नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पूर्व भाग), रोल्पा, प्युठान, दाङ, बाँके र बर्दिया जिल्लाका सहभागीको लागि- आयोगको कार्यालय बुटवल, ई-मेल:ciaabutwal@gmail.com, श्री सुरेश भुषाल, ०७१-५४००३१/०७१-५४०८३७/९८५७०६३१४६

छ) रुकुम (पश्चिम भाग), डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख, सुर्खेत र सल्यान जिल्लाका सहभागीको लागि- आयोगको कार्यालय सुर्खेत, ई-मेल:ciaasurkhet@gmail.com, श्री यज्ञेश्वर खत्री, ०८३-५२३१७८/९८५८०५००७६

ज) बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर र कैलाली जिल्लाका सहभागीको लागि- आयोगको कार्यालय कञ्चनपुर, ई-मेल: ciaa.kanchanpur@ciaa.gov.np, श्री महेश पाण्डे, ०९९-५२०३६८/०९९-५२४२६३/९८५१२२५१२१

१०. यो सूचना आयोगको वेब साइट www.ciaa.gov.np मा पनि हेर्न सकिनेछ।